मिथिला बिहारी नगरपालिका

# स्थानीय राजपत्र

खण्डः २ संख्याः २ मितिः २०७९/१०/२१

**भाग - २**

## मिथिला बिहारी नगरपालिकाको नगर प्रहरी गठन तथा सञ्चालन गर्ने कार्यविधि, २०७७

**मिथिला बिहारी नगरपालिका**

**नगर कार्यपालिकाको कार्यालय**

**तारापट्टी, धनुषा (मधेश प्रदेश), नेपाल**

कार्यपालिकाबाट स्विकृत मिति : २०७७।०४।२२ गते

पहिलो संशोधन मिति: २०७९।१०।२१ गते

आज्ञाले,

रामदरश यादव

प्रमुख प्रशासकीय अधिकृत

# मिथिला बिहारी नगरपालिकाको नगर प्रहरी गठन तथा सञ्चालन गर्ने कार्यविधि, २०७७

(स्वीकृत मिति – २०७७।०४।२२)

पहिलो संशोधन मिति: २०७९।१०।२१

मिथिला बिहारी नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

तारापट्टी, धनुषा

मधेश प्रदेश, नेपाल

Scanned with CamScanner

२०७९।१०।२१ मा बसेको कार्यपालिकाको बैठकले पारित गरेको व्यहोरा स्थानीय सरकार संचालन ऐन, २०७४ ले दिएको अधिकार बमोजिम प्रमाणित गर्दछु।

नगर प्रमुख

नगर प्रमुख द्वारा प्रमाणिकरण मिति

२०७९।१०।२१

पृष्ठ संख्या: ४

Scanned with CamScanner

# मिथिला बिहारी नगरपालिकाको लागि नगर प्रहरी गठन तथा सञ्चालन गर्ने कार्यविधि, २०७७

**(पहिलो संशोधन – २०७९।१०।२१)**

**प्रस्तावना :-**

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ११ (क) मा नगर प्रहरीको गठन, संचालन, व्यवस्थापन, नियमन गर्ने सम्वन्धी नीति तथा कानुन सम्बन्धित नगरपालिकाको अधिकार क्षेत्र भित्र रहेको हुंदा यस मिथिला बिहारी नगरपालिकामा नगर प्रहरी गठन तथा संचालन सम्वन्धी कार्यविधि तयार गरिएको छ र यस मिथिला बिहारी नगर कार्यपालिकाको बैठकले मिति २०७९।१०।२१ गते पहिलो संशोधन गरी यो कार्यविधि पारित गरेको छ।

**नगर प्रहरीको गठन : -**

१. मिथिला विहारी नगरपालिकामा १ जना नगर प्रहरी ईन्चार्ज, ६ जना नगर प्रहरी सहायक (पुरुष) र ३ जना नगर प्रहरी सहायक (महिला) सहित १० जना नगर प्रहरी रहने गरी नगर प्रहरीको ईकाई गठन हुनेछ।

२. नगर प्रहरीको कार्य क्षेत्र मिथिला विहारी नगरपालिका भित्र रहनेछ।

३. नगर प्रहरीहरु करार सेवा मार्फत नियुक्ति/परिचालन हुनेछन्।

४. प्रत्येक वर्ष नगर प्रहरीहरुको करार अवधि कार्य सम्पादन मुल्यांकनको आधारमा सम्झौता गरिनेछ।

**सेवा, सुविधा र शर्त :-**

१. नगर प्रहरी ईन्वार्ज लाई रु. २०,०००।– मासिक र नगर प्रहरी सहायकलाई रु. १७,०००/- मासिक पारिश्रमिक उपलब्ध गराईनेछ। साथै चाडपर्व खर्च वापत थप १ महिनाको पारिश्रमिक समेत उपलब्ध गराईनेछ।

२. वर्षमा १ पटक पोशाक खर्च वापत रु. १०,०००/- एकमुष्ठ उपलब्ध गराईनेछ र राशन खर्च वापत प्रति महिना ३७००/- दिईनेछ।

३. नगर प्रहरीले २४ सै घण्टा ड्युटि गर्नु पर्नेछ। नगर प्रहरी ईन्चार्जले ड्युटी बनाई परिचालन गर्नु पर्नेछ।

**नगर प्रहरीको नियुक्ति :-**

१. करार सेवाको लागि १५ दिनको म्याद दिई सार्वजनिक सूचना प्रकाशन हुनेछ।

२. नगर प्रहरी सहायकको उम्मेदवार हुन २० वर्ष उमेर पुरा भई ३० वर्ष ननाघेको हुनुपर्नेछ।

३. नगर प्रहरी ईन्चार्जको हकमा ३० देखि ४० वर्ष ननाघेको हुनु पर्नेछ साथै विभागिय तालिम, शिक्षक भएकालाई प्राथमिकता दिईनेछ।

४. १० जना मध्ये ३ जना महिला अनिवार्य नगर प्रहरी सहायक नियुक्ति गरिनेछ।

**नगर प्रहरीको योग्यता :-**

१. नगर प्रहरी ईन्चार्जले न्यूनतम SLC वा सो सरह उर्तिण गरेको हुनु पर्नेछ र अन्यको हकमा कक्षा ८ उत्तिर्ण गरेको हुनुपर्नेछ।

राजेश ...

नगर प्रमुख

Scanned with CamScanner

२. म्यादी प्रहरीको अनुभव भएको सर्वसाधारणबाट नगर प्रहरीको जवान छनौट गरिनेछ ।

३. नगर प्रहरी ईन्वार्जको हकमा नेपाल प्रहरी वा सशस्त्र प्रहरी भए । सहायक प्रहरी निरीक्षक वा नेपाली सेनाको भए हवल्दार सेवामा कम्तीमा ७ वर्षको सेवा अनुभव भएको र कुनै विभागिय कारवाही नभएको उम्मेदवार हुनु पर्नेछ ।

**नगर प्रहरीको पोशाकको रंग र लोगो :-**

१. नगर प्रहरीहरुको पोशाक खैरो रंगको ~~रंगको~~ वर्दी हुनेछ कपडाको जुत्ता खैरो र छालाको जुता प्रयोग गरेमा कालो रंगको बुट हुनेछ सीमा मिथिला विहारी नगरपालिका लेखिएको लोगो बाँया पाखुरामा रहनेछ ।

२. दर्ज्यानी चिन्हको रुपमा नगर प्रहरीलाई रातो रंगको २ धर्के लोगो, सहायक कमाण्डरलाई रातो रंगको ३ धर्के लोगो र कमाण्डरलाई रातो रंगको को ४ धर्के लोगो चिन्ह पाखुरामा (बायाँ) हुनेछ ।

**नगर प्रहरीको काम, कर्तव्य र अधिकार :-**

१. नगरपालिकाको कार्यालय तथा वडा कार्यालयहरुको सुरक्षा र संरक्षण गर्ने ।

२. नगरपालिकाका सम्पत्तिहरुको सुरक्षा र संरक्षण गर्ने ।

३. नगर भित्र हुने विभिन्न कार्यक्रम, सांस्कृतिक कार्यक्रम, समारोह जात्रा, चाडपर्व, स्थानीय बजार तथा पार्किङ्ग स्थलहरुको सुरक्षा रेखदेख तथा व्यवस्थापन गर्न सहयोग गर्ने ।

४. नगर सरसफाई सम्बन्धी कार्यमा सहयोग गर्ने ।

५. विपद् व्यवस्थापन सम्बन्धी प्राविधिक तालिम तथा कार्य गर्ने ।

६. अनाधिकृत निर्माण तथा सार्वजनिक सम्पत्तिको अतिक्रमणको रोकथाम र नियन्त्रण गर्ने ।

७. नगरपालिकाले लगाएका करहरु बहाल कर, सम्पत्ति कर, व्यवसायिक एवम् अन्य करहरुको संकलनमा आवश्यक सहयोग गर्ने ।

८. कार्यपालिकाले तोकेका अन्य कार्यहरु गर्ने ।

९. नगरपालिकाको उद्देश्य हित विवरीत कार्य गरेमा नगर कार्यपालिकाको निर्णयद्वारा निलम्वित हुनु पर्ने छ ।

**छनौट विधि :-**

१. महिलाको हकमा ५ फिट उचाई र पुरुषको हकमा ५ फिट ५ ईन्च उचाई भएको र शारिरीक र मानसिक रुपमा स्वस्थ्य भएको हुनु पर्नेछ । (निरोगिताको प्रमाण पत्र समेत पेश गर्नुपर्नेछ) ।

२. शारिरिक प्रयोगात्मक र मौखिक परीक्षा लिईनेछ ।

३. कुनै पनि फौजदारी अभियोगमा सजाय पाएकाको तथा नैतिक पतन हुने काम गरेको उम्मेदवारलाई छनौट गरिने छैन ।

राजेन्द्र प्रसाद यादव
नगर प्रमुख

Scanned with CamScanner

४. मिथिला विहारी नगरपालिका भित्रका उम्मेदवारलाई प्राथमिकता दिईनेछ । आवेदन दस्तुर वापत रु. १५००।– (नगर प्रहरी ईन्चार्ज) र रु. १०००।– (सहायक नगर प्रहरी) रुपैया लाग्नेछ ।

**दण्ड सजाय :-**

१. नगर प्रहरीले बजारमा फिरौती उठाउने, प्रभावमा राखी कमिशन लिने, कुनै पनि ठगी कार्य गरेमा प्रचलित ठगी मुद्दा दायर गरी नगपालिकाले कानूनी दण्ड/सजायको कानूनी कारवाही अधि बढाउन सक्नेछ । जागिर निलम्बन तथा करार सम्झौता रद गरी बर्खास्त समेत गर्न सक्नेछ ।

**अन्य :-**

१. अन्य कुराको हकमा प्रचलित ऐन, नियम तथा कानून बमोजिम हुनेछ ।

राजेन्द्र प्रसाद यादव
नगर प्रमुख

Scanned with CamScanner